# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, वैशाख १८ गते, २०८० साल (संख्या ४


## भाग ५

### नेपाल सरकार

### कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

### सूचना

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बीउ बिजन ऐन, २०४५ को दफा ११ को उपदफा ११.१ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५८, सङ्ख्या २८, मिति २०६५।०७।११ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना (यसपछि "मूल सूचना" भनिएको) मा देहाय बमोजिम हेरफेर गरी देहाय बमोजिमका बीउ बिजनहरुलाई सूचित बीउ बिजन भनी तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड ७२, सङ्ख्या ३६, मिति २०७९।०५।३० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको क्रमसङ्ख्या (१) बाट मूल सूचनाको प्रकरण १ (अन्नबाली) को खण्ड (ख) मा रहेको वर्षे धान अन्तर्गत क्रमसङ्ख्या १६२ पछि देहायको क्रमसङ्ख्या १६३ थपिएको छः-

| **क्र.सं.** | **बालीको जात** | **सिफारिस वर्ष** | **सिफारिस क्षेत्र** |
|---|---|---|---|
| **नेपालमा विकास गरिएको धानका खुला सेचित जात** | | | |
| १६३ | हर्दिनाथ-५ (पञ्जीकरण मात्र) | २०७९ (२०२२) | समुद्री सतहदेखि ७०० मिटर उचाइका तराई, भित्री मधेश, रिभर वेशिन, बेंसी क्षेत्रहरु (वर्षे सिजनको लागि) |

(२) मूल सूचनाको प्रकरण २ (दलहन) को खण्ड (क) मा रहेको भटमास अन्तर्गत क्रमसङ्ख्या ७ पछि देहायको क्रमसङ्ख्या ८ थपिएको छः-

| **क्र.सं.** | **बालीको जात** | **सिफारिस वर्ष** | **सिफारिस क्षेत्र** |
|---|---|---|---|
| **नेपालमा विकास गरिएको भटमासको खुला सेचित जात (उन्मोचन)** | | | |
| ८ | खजुरा भटमास-१ | २०७९ (२०२२) | समुद्री सतहदेखि १५०० मिटर उचाइ सम्मका तराई, भित्री मधेश र मध्य पहाडी क्षेत्रहरु |

(३) खण्ड ६९, सङ्ख्या २१, मिति २०७६।०४।२७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको क्रमसङ्ख्या ४० बाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल सूचनाको प्रकरण ५ (तरकारी बाली) मा रहेको खण्ड **(ज्ञ३)** पछि देहायको खण्ड **(ज्ञ४)** थपिएको छः-

**(ज्ञ४) हिउँदे सिमी**

| **क्र.सं.** | **बालीको जात** | **सिफारिस वर्ष** | **सिफारिस क्षेत्र** |
|---|---|---|---|
| **नेपालमा विकास गरिएको हिउँदे सिमीका खुला सेचित जातहरु** | | | |
| १ | मालेपाटन हिउँदे सिमी-१ (पञ्जीकरण मात्र) | २०७९ (२०२२) | समुद्री सतहबाट १२५० मिटर उचाइ सम्मका कर्णाली, लुम्बिनी, गण्डकी र मधेश प्रदेशका क्षेत्रहरु |
| २ | मालेपाटन हिउँदे सिमी-२ (पञ्जीकरण मात्र) | २०७९ (२०२२) | समुद्री सतहबाट १२५० मिटर उचाइ सम्मका कर्णाली, लुम्बिनी, गण्डकी र मधेश प्रदेशका क्षेत्रहरु |

(४) खण्ड ६९, सङ्ख्या २१, मिति २०७६।०४।२७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको क्रमसङ्ख्या ४१ बाट मूल सूचनामा थपिएको प्रकरण ८ (कन्दमूल बाली) पछि देहायको प्रकरण ९ थपिएको छः-

**९. फूल बाली**

**(क) ग्लाडियोलस**

| **क्र.सं.** | **बालीको जात** | **सिफारिस वर्ष** | **सिफारिस क्षेत्र** |
|---|---|---|---|
| **नेपालमा विकास गरिएका ग्लाडियोलसका खुला सेचित जातहरु (उन्मोचन)** | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १ | लुम्ले ग्लाडियोलस-१ | २०७९ (२०२२) | समुद्री सतहबाट ८०० देखि २००० मिटर उचाइसम्मका मध्य पहाडी र उच्च पहाडी क्षेत्रहरु |
| २ | लुम्ले ग्लाडियोलस-२ | २०७९ (२०२२) | समुद्री सतहबाट ८०० देखि २००० मिटर उचाइसम्मका मध्य पहाडी र उच्च पहाडी क्षेत्रहरु |
| ३ | लुम्ले ग्लाडियोलस-३ | २०७९ (२०२२) | समुद्री सतहबाट ८०० देखि २००० मिटर उचाइसम्मका मध्य पहाडी र उच्च पहाडी क्षेत्रहरु |

(५) खण्ड ७०, सङ्ख्या १७, मिति २०७७।०४।२६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको क्रमसङ्ख्या (५) बाट मूल सूचनाको प्रकरण ५ (तरकारी बाली) को खण्ड (च) मा रहेको प्याज अन्तर्गत क्रमसङ्ख्या ८ पछि देहायको क्रमसङ्ख्या ९ थपिएको छः-

| क्र.सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| **नेपालमा विकास गरिएको प्याज**को **खुला सेचित जात** | | | |
| ९ | खुमल प्याज-२ (पञ्जीकरण | २०७९ (२०२२) | समुद्री सतहबाट १४०० मिटर उचाइ सम्मका |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | मात्र) | | तराई र मध्य पहाडी क्षेत्रहरु |

(६) मूल सूचनाको प्रकरण ४ (औद्योगिक बाली) को खण्ड (घ) मा रहेको जुट अन्तर्गत क्रमसङ्ख्या २ पछि देहायको क्रमसङ्ख्या ३ थपिएको छ :-

| क्र.सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| **नेपालमा विकास गरिएका जुटको खुला सेचित जात (उन्मोचन)** | | | |
| ३ | इटहरी-४ | २०७९ (२०२२) | झापा, मोरङ, सुनसरी लगायतका पूर्वी तराईका क्षेत्रहरु |

(७) खण्ड ७१, सङ्ख्या १८, मिति २०७८।०४।३२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको क्रमसङ्ख्या ७ बाट मूल सूचनाको प्रकरण ४ (औद्योगिक बाली) को खण्ड (ग) मा रहेको उखु अन्तर्गत क्रमसङ्ख्या ७ पछि देहायका क्रमसङ्ख्या ८ र ९ थपिएका छन्:-

| क्र.सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| **नेपालमा विकास गरिएका उखुका खुला सेचित जातहरु** | | | |
| ८ | जीतपुर-८ (पञ्जीकरण मात्र) | २०७९ (२०२२) | समुद्री सतहबाट ३०० मिटर उचाइ सम्मका तराईका क्षेत्रहरु |
| ९ | जीतपुर-९ (पञ्जीकरण मात्र) | २०७९ (२०२२) | समुद्री सतहबाट ३०० मिटर उचाइ सम्मका तराईका क्षेत्रहरु |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) मूल सूचनाको प्रकरण २ (दलहन) को खण्ड (ङ) मा रहेको रहर अन्तर्गत क्रमसङ्ख्या २ पछि देहायको क्रमसङ्ख्या ३ थपिएको छः-

| **क्र.सं.** | **बालीको जात** | **सिफारिस वर्ष** | **सिफारिस क्षेत्र** |
|---|---|---|---|
| **नेपालमा विकास गरिएको रहर बालीको खुला सेचित जात (उन्मोचन)** | | | |
| ३ | खजुरा रहर-१ | २०७९ (२०२२) | समुद्री सतहदेखि ७०० मिटर उचाइ सम्मका पश्चिम तराईका क्षेत्रहरु |

**आज्ञाले,**

**डा. गोविन्द प्रसाद शर्मा**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।